विश्व बौद्धिक सम्पत्ति दिवस २०७४

नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालय र उद्योग बिभागको संयुक्त आयोजनामा मिति २०७४।०१।१३ गते (तदनुसार २६ अप्रिल २०१७) का दिन काठमाडौंमा बिश्व बौद्धिक सम्पत्ति दिवसका अवसरमा अन्तर्क्रिया कार्यक्रम आयोजना गरी मनाईयो । पानसमा दीप प्रज्वलन गरी प्रमुख अतिथि माननीय उद्योग मन्त्री श्री नवीन्द्रराज जोशीज्यूबाट कार्यक्रमको उद्घाटन भएको थियो ।

उद्योग बिभागका निर्देशक श्री दण्डपाणी भुसालले उपस्थित सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्दै स्वीडेनबाट उठाइएबाट आज सम्म बौद्धिक सम्पत्ति दिवस मनाईरहेका छौ । आजको प्रतिस्पर्धी बिश्वमा बौद्धिक सम्पत्तिको महत्व धेरै छ । सामाजिक सञ्जालका मालिकले आज धेरै सम्पत्ति आर्जन गरेको हुँदा बौद्धिक सम्पत्तिले कुल ग्राहस्थ उत्पादनमा समेत बृद्धि गर्दछ भन्नु भयो । कार्यक्रममा दुईवटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो , प्रतिलिपी अधिकारका सम्बन्धमा डा.वल बहादुर मुखियाले र बौद्धिक सम्पत्ति सम्बन्धमा नेपाल वार एशोसिएसनबाट प्रस्तुत गर्नु भएको थियो ।

मन्तव्यको क्रममा नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयका निमित्त रजिष्ट्रार श्री सुष्मा पोखरेलले नेपालमा प्रतिलिपी अधिकार सम्बन्धमा चेतना र ज्ञानको कमि छ यसैले यस सम्बन्धी कानूनी र प्रशासनिक व्यबस्था गरिए पनि त्यसको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन चेतनामा बृद्धि ल्याउन सरकार निजी क्षेत्र र आम जनता सक्रिय हुनुपर्ने कुरामा जोड दिनु भयो ।

मन्तव्यको क्रममा माननीय उद्योग मन्त्री श्री नवीन्द्रराज जोशीज्यू, उद्योग मन्त्रालयका माननीय राज्यमन्त्री श्री कञ्चनचन्द्र वादेज्यू, सचिव श्री शंकर प्रसाद कोईरालाज्यू, सहसचिव श्री शंकर अर्यालज्यू, भरतमणी सुवेदीज्यू र अन्य महानुभावहरूले बौद्धिक सम्पत्तिको संरक्षणको सम्मान गरौ सामानको बिश्वसनियता बढाउनु पर्छ खोज गरेर नया प्रविधिहरू भित्राउन सक्नु पर्छ । उद्योग विभागमा कार्यरत कर्मचारीको सरूवा गर्ने परिपाटीले अनुभवी कर्मचारीको अभावमा कार्य गर्न अप्ठ्यारो हुने, विकसित देशहरूमा बौद्धिक सम्पत्तिलाई ग्राहस्थ उत्पादनमा जोड दिने गरिएको छ । आजको अर्थतन्त्र ज्ञानमा आधारित अर्थतन्त्र रहेको छ बौद्धिक सम्पत्तिको संरक्षणले मानिसलाई प्रोत्साहन गर्दछ । परम्परागत ज्ञानमा आधारित संस्कृतिलाई कसरी जोगाउने बिश्व जुन गतिमा दौडिएको छ त्यसैगरी हामीले आफनो सृजनाबाट दौडनु पर्दछ भन्दै आफना महत्वपूर्ण भनाईहरू राख्नु भयो । ❑

प्रतिलिपि अधिकार तथा विश्व पुस्तक दिवस २०७४

प्रतिलिपि अधिकार तथा बिश्व पुस्तक दिवस, २०७४ नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्रिय पुस्तक बिक्रेता तथा प्रकाशक संघ र नेपाल प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा मिति २०७४ बैशाख १० गतेका दिन काठमाडौंमा स्रष्टा, कलाकार,साहित्यकार, पत्रकार लगायत बिभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थितिमा कार्यक्रम आयोजना गरी मनाईएको थियो ।

उक्त सन्दर्भमा यस क्षेत्रको समग्र स्थिति एब प्रतिलिपि अधिकार संरक्षणमा देखिएका चुनौती उल्लघन भएमा उपचारको ब्यबस्था एवं समाधानका उपायहरूमा जनचेतना फैलाउने उद्देश्यले आयोजना गरिएको थियो ।

नेपाल पज्ञा प्रतिष्ठानका कुलपति श्री गंगा प्रसाद उप्रेतीको प्रमुख आतिथ्यमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका निमित्त रजिष्ट्रार श्री सुष्मा पोखरेल, प्रमुख बक्ता प्रा.डा. बिद्यानाथ कोईराला, डा. बिष्णु विभु घिमिरे, डा. जिवेन्द्रदेव गिरी अथिथि हुनु हुन्थ्यो । कार्यक्रमको संचालन संघका अध्यक्ष श्री लिखत प्रसाद पाण्डेले गर्नु भएको थियो भने डा. बिष्णु विभु घिमिरेले उपस्थित सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भयो ।

मन्तब्यको क्रममा नेपाल प्रतिलिपी अधिकार रजिष्ट्रारको कार्यालयका निमित्त रजिष्ट्रार श्री सुष्मा पोखरेलले प्रतिलिपी अधिकारको परिचय, अधिकार उल्लंघन कसरी हुन्छ कार्यान्वयनको अवस्था तथा समस्याहरू आदि बिषयमा जानकारी गराउनु भएको थियो । कार्यपत्र प्रस्तुत गर्दै डा. बिद्यानाथ कोईरालाले लेखकहरूको रोष्टर बनाउनु पर्ने अवको लेखक अन्तररंग जोड्न सक्ने हुनुपर्छ । प्रविधिहरू बिस्तार भए प्रविधिले फड्को मारी सक्यो, नयाँ पुस्ताले सिकेको कुरा सिकाउँदैनन् । चोरी रोक्ने खालको एप्लिकेशन बनाउनु पर्छ । अवको पुस्तक ईलेक्ट्रोनिक पुस्तक हो पेपरलेस स्कूल र कलेजलाई आत्मसाथ गर्नुपर्छ भन्नुभयो ।

प्रमुख अतिथि गंगा प्रसाद उप्रेतीबाट बर्ष पुस्तक २०१६ मा उत्कृष्ट कहर नामक पुस्तक लेखक श्री जनकराज सापकोटालाई पुरस्कार बितरण गर्नु भएको थियो । ❑

प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू बिषयक जनचेतनामूलक अन्तरक्रिया गोष्ठी सम्पन्न

(क) सिन्धुपाल्चोक ,चौतारा :

प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू बिषयक क्षेत्रिय गोष्ठी नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा मिति २०७३।०५।३० गते सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारमा सरोकारवालहरूको उपस्थितिमा प्रतिलिपि अधिकार संरक्षणको स्थिति एवं यस क्षेत्रमा देखिएका समस्याहरू वारेमा जानकारी गराउन चेतना अभिबृद्धि गर्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलको अध्यक्षतामा सिन्धुपाल्चोक जिल्लाका माननिय न्यायाधिस श्री चिन्तामणि बरालज्यूको प्रमुख आतिथ्यमा संचालित कार्यक्रममा साहित्य,संगीत क्षेत्रका सर्जक कलाकारहरू, कानून कार्यान्वयन गर्ने निकायका कर्मचारीहरू, पत्रकारहरूको समेत उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री अन्तर बहादुर सिलवालज्यू, प्रहरी नायव उपरिक्षक श्यामकृष्ण अधिकारी, जिल्ला न्यायधिबक्ता श्री अविकेशर पोखरेल अतिथि हुनुहन्थ्यो ।

मन्तब्यको क्रममा प्रमुख जिल्ला अधिकारी श्री अन्तर शहादुर सिलवालज्युले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्धारा आयोजित यस कार्यक्रमले प्रतिलिपि अधिकार सम्बन्धमा सरोकारवालालाई जानकारी गराउन सहयोग मिल्ने बिचार व्यक्त गर्नु भयो । प्रमुख अतिथि माननीय न्यायाधीश श्री चिन्तामणी बरालज्यूले यस कार्यक्रमले प्रतिलिपि अधिकार संरक्षणमा जनचेतना अभिबृद्धि गर्न सफल रहेको बताउनु भयो । दुईवटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो ।

(ख) धनुषा, जनकपुर :

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले २०७३ चैत्र १७ गतेका दिन धनुषा जिल्लाको जनकपुरधाममा प्रतिलिपि अधिकार ऐन, कार्यान्वयनको अवस्था र समस्या समाधान विषयमा कानुन कार्यान्वयन गर्ने निकायका प्रमुखहरू तथा प्रतिनिधिहरू र सरोकारवालाहरू संघ संस्थाका प्रमुख/प्रतिनिधिहरूसंग अन्तर्क्रियात्मक गोष्ठी कार्यक्रम आयोजना गरेको थियो । धनुषा जिल्ला अदालतका जिल्ला न्यायाधीश श्री राधाकृष्ण उप्रेतीज्यूकोको प्रमुख आतिथ्य, धनुषाका प्रमुख जिल्ला अधिकारी श्री दिलिप चापागाईज्यूको विशेष आतिथ्य, प्रहरी उपरीक्षक श्री लालमणि आचार्यज्यू र धनुषा जिल्लाका जिल्ला न्यायाधिवक्ता श्री टेकबहादुर कार्कीज्यू अतिथिमा रहनु भएको थियो ।

कार्यक्रममा प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकायको भूमिकाका विषयमा प्रहरी नायव निरीक्षक श्री मुक्ति सापकोटा र प्रतिलिपि अधिकार संरक्षणमा सरोकारवालाहरूको भूमिका विषयमा अधिवक्ता श्री विपिन झाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।, कार्यपत्रमाथि श्री रामभरोश कापडीले टिप्पणी गर्नु भएको थियो ।

कार्यक्रममा उपस्थित सहभागीहरूले प्रतिलि अधिकारको विषयवस्तु, ध्यान दिनु पर्ने कुराह र लाभ लिन सकिने क्षेत्र वारेमा प्रचार प्रसारला जोड दिनु पर्ने, नेपाल प्रतिलिपि अधिका रजिष्ट्रारको कार्यालयलाई राजधानी बाहेक स्थानमा स्थापना गरिनु पर्ने, न्याय निरूपणक उपायहरू सरल र सहज बनाउने गरी कार्यप्रकृ बनाई अवलम्बन गरेर फास्ट ट्र्याकबाट न्या दिलाउने तर्फ ध्यान दिनु पर्ने विचार व्यक्त ग भएको थियो । यसैगरी सर्जकका व्यक्तिगत कु उल्लेख गर्दा व्यक्तिगत जीवन र मौलिक हकला कुन रूपमा हेर्ने, आफ्ना रचना रेडियो जस्त प्रशारण संस्थाबाट अनुमतिवेगर प्रशारण गर्दा कार्यवाही हुने, सन्दर्भ उल्लेख गर्दा कतिसम कपि गर्न पाइने हो, आपराधिक मनसायबा हुने कार्यहरूलाई कसरी निस्तेज गर्न सकिन आदि विषयमा ध्यान दिनुपर्ने, घर निर्माण ग गरिएको डिजायनको प्रतिलिपि अधिकार दायित्व कोसंग रहने, हाम्रा कृतिहरू विदेशम हनन भएमा हुने कार्यवाही वारे जानकारी दिइ पर्ने विषय उठाउनु भएको थियो । उल्लेखि जिज्ञासाहरूको कार्यपत्र प्रस्तोताहरूले जवा दिनु भएको थियो ।

कार्यक्रमका अतिथि धनुषाका प्रह उपरीक्षक श्री लालमणि आचार्यले मन्तव्य क्रममा त्यस जिल्लामा प्रतिलिपि अधिका हननका उजुरी नपरेका, सरकारवादी मु हुने र अनुसन्धानमा प्राथमिकता दिएको हुँ

बाँकी पृष्ठ ६ म

रोयल्टी व्यवस्थापन सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम

प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ (१) को प्रावधान अनुरूप प्रतिलिपि अधिकार सम्बन्धी रचनाको रोयल्टी निर्धारण गर्ने, संकलन गर्ने, संकलित रोयल्टी वितरण गर्ने प्रयोजनको लागि सामान्यतया एउटा विधामा एउटा रोयल्टी संकलन संस्था गठन गरिने छ भन्ने कानुनी प्रावधान अनुरूप नेपालमा संगीत रोयल्टी संकलन समाज, प्रस्तोता समाज र संगीत उत्पादक समाज स्थापना भई सञ्चालनमा रहेका छन् ।

यी संस्थाहरूको दर्ता, नवीकरण आदिका अतिरिक्त नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट नियमित अनुगमन गरिएको छ । रोयल्टी संकलन वितरण गर्ने मुख्य उद्देश्य लिई स्थापना भएका यी संस्थाहरूले संकलित रोयल्टीबाट केही अंश प्रशासनिक खर्च कटाई बाँकी प्रतिलिपि अधिकार धनीहरूलाई वितरण गर्नु पर्ने हुन्छ । कार्यक्षेत्र अनुरूप रोयल्टी संकलन गर्न नसक्दा यी संस्थाहरूको आन्तरिक आय भएन । आय नभएपछि संस्था संचालन गर्न कठिनाई परिरहेको अवस्थामा श्री श्री व्यवस्थापिका संसद, विकास समितिको २०७१/०८/३ को बैठकको निर्णय अनुसार रोयल्टी सम्बन्धी मापदण्ड तर्जुमा गर्न नेपाल सरकारलाई निर्देशन गरिएको र श्री सूचना तथा सञ्चार मन्त्रालयका सहसचिवको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधि सहितको गठित कार्यदलले रोयल्टी सम्बन्धी मापदण्ड तर्जुमा गरेको छ ।

यसै विषयलाई लिएर श्री व्यवस्थापिक संसद, विकास समितिको २०७२/१२/० मा बैठक बसी बैठकको निर्णयबाट रोयल्ट व्यवस्थापन गर्न नेपाल सरकारलाई विभिन विषयमा निर्देशन दिइएको थियो । य सन्दर्भमा तजुमा गरिएको मापदण्डमा उल्लेख गरिए अनुसार रोयल्टी व्यवस्थापन सम्बन्ध अन्तर्निकायगत समन्वय समेतका लागि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डय मन्त्रालयका सहसचिवज्यूको संयोजकत्व गठित रोयल्टी व्यवस्थापन सम्बन्धी अनुगम तथा निर्देशक समितिमा नियमित बैठक ब

बाँकी पृष्ठ ८ म

प्रतिलिपि अधिकार कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू बिषयक तालिम सम्पन्न

(क) पाल्पा तानसेन :

प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकायमा कार्यरत प्रहरी निरिक्षक, सरकारी वकिल, भन्सार अधिकृत , श्रेष्ठेदार र तहसिलदारहरू र श्रष्टा कलाकारहरूलाई समेटेर नेपाल प्रतिलिपि अधिकार अधिकार रजिष्ट्रारको कार्यालयले प्रतिलिपि अधिकार सम्बन्धी जानकारी दिने उद्देश्यले मिति २०७३ पुस १९ गते पाल्पा जिल्लाको तानसेनमा प्रतिलिपि अधिकार कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू बिषयक तालिम संचालन गरिएको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिगदेलको अध्यक्षतामा सञ्चालित कार्यक्रममा प्रमुख अतिथि पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बाबुराम गौतम, जिल्ला न्यायाधिबक्ता यदुनाथ शर्मा, प्रहरी नायव उपक्षिक रमेश पण्डित हुनुहुन्थ्यो । कार्यक्रममा दुईवटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । प्रतिलिपि अभिकार नेपालको सन्दर्भ बिषयक कार्यपत्र रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले प्रस्तुत गर्नु भएको थियो भने दोस्रो कार्यपत्र नेपाल प्रतिलिपि अधिकार सम्बन्धी मुख्य कानूनी प्रावधानहरू र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका मुख्य उद्देश्यहरू बिषयक कार्यपत्र पाल्पा जिल्लका प्रमुख जिल्ला अधिकारी श्री बाबुराम गौतमज्यूले प्रस्तुत गर्नु भएको थियो ।

दुबै कार्यपत्रहरू उत्कृष्ट भएको कुरा टिप्पणीकर्ता पाल्पा जिल्लाका सह प्रध्यापक श्री शालिग्राम पौडेलज्यूले भन्नु भएको थियो ।न्याधिबक्ता श्री यदुनाथ शर्माज्यूले टिप्पणी गर्दै मान्छेलाई सबैभन्दा आफ्नो जीवन प्यारो हुन्छ, भौतिक सम्पत्ति भन्दा बौद्धिक सम्पत्तिको महत्व बढि हुन्छ जवसम्म बौद्धिक सम्पत्ति हुन्छ त्यो नै धन हो । ईन्टरनेटको रोयल्टी अमेरिकाले लिन्छ देशको आर्थिक बृद्धि हुन्छ तर नेपालमा बौद्धिक सम्पत्तिको संरक्षण नभएर पछि परेको उदाहरण पनि दिनु भयो ।

ख) काठमाडौं :

प्रतिलिपि अधिकार तथा सम्वन्धित अधिकारका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरूः नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका काठमाडौं उपत्यका अन्तर्गतका ३ जिल्लास्थित कार्यालयहरू, जिल्ला अदालतहरूका अधिकृतहरू, रोयल्टी सम्बन्धी संस्थाका प्रमुख/प्रतिनिधिहरू, प्रतिलिपि अधिकारसंग सम्बन्धित विभिन्न विधाका पेशागत छाता संगठनका प्रमुख/प्रतिनिधिहरू सहितका व्यक्तिहरूलाई प्रतिलिपि अधिकार र सम्वन्धि अधिकारका सम्बन्धमा कानूनी प्रावधान, कार्यान्वयनमा आइपरेका समस्याहरू आदिका वारेमा जानकारी गराउने र अनुभव आदानप्रदान गर्ने उद्देश्यले २०७३ फागुन ५ गतेका दिन प्रहरी

प्रधान कार्यालयको सभाकक्षमा तालीम कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले नेपालको सन्दर्भमा प्रतिलिपि अधिकार संरक्षण, रोयल्टी सम्बन्धी संस्थाको कानूनी प्रावधान, तिनका कार्यहरू र समसामयिक विषय र प्रतिलिपि अधिकार विज्ञ प्रा. डा. वलवहादुर मुखियाले प्रतिलिपि अधिकारको ऐतिहासिक र कानुनी पक्ष, प्रहरी प्धान कार्यालयका प्रहरी उपरीक्षक श्री टिकाबहादुर के.सी.ले प्रतिलिपि अधिकार हननका विषयमा परेका मुदाको विवरण र अनुसन्धानमा आइपर्ने समस्या आदिका वारेमा कार्यपत्र पेश गर्नु भएको थियो ।

कार्यपत्र माथि भएका छलफलका क्रममा उपस्थित सहभागीहरूले सङ्गीतको सार्वजनिक परफर्मेन्स हुने कार्यहरूमा नियमानुसार रोयल्टी तिर्ने गरी वाध्यकारी व्यवस्था कायम गरिनु पर्ने, श्री व्यवस्थापिका संसद, विकास समितिको गत वर्षको बैठकको निर्णय कार्यान्वयन हुनु पर्ने, नभएमा एकै पटक रोयल्टी नतिरेको विरूद्धमा करीव ६०० एफएम रेडियोहरू, ३०० जति स्थानीय महोत्सव/प्रदर्शनी कार्यक्रम, हजारौको संख्यामा रहेका सङ्गीत डाउनलोड सेन्टरहरू, करीव २ लाख सार्वजनिक यातायातका साधनहरूका विरूद्ध मुद्दा हाल्न सकिने, अन्य उत्पादनमूलक क्षेत्र जस्तो सानो लगानी, उच्च प्रतिफल हुन नसकेर सङ्गीत क्षेत्र त ठूलो लगानी र नगन्य प्रतिफल दिने क्षेत्र भएको, मेकानिकल राइट र क्रिएटिभ राइटलाई उपयुक्त तवरले बुझ्ने र तदनुसार नै प्रति प्राप्त हुने हो भने यस प्रकारको सिर्जना उद्योगबाट राज्यलाई आर्थिक विका उल्लेखनीय योगदान दिने क्षेत्र बन्न सक्ने डिजिटल पाइरेसी, कानून बमोजिम तिर्नु रोयल्टी सम्बन्धित अधिकारलावाहरूलाई प्रवृत्तिले गर्दा राज्यबाट नै कठोर कदम यसलाई नियमन गर्नु जरूरी भएको, वि जसरी एकै गीतले पनि करोडौं कमाउन भएको समाचार सुन्न पाइएको विषय देशमा पनि अनधिकृत रूपमा सङ्गीत डाउ गर्ने र सार्वजनिक प्रयोग गर्ने विरूद्धमा प्रहरीले कानूनी कार्यवाही चलाउन ज भएमा हाम्रामा पनि त्यस्तो अवस्था आउन विचार व्यक्त गरेका थिए ।

कार्यक्रमका अतिथि प्रहरी महानिरीक्षक श्री विजय लाल काय मन्तव्यका क्रममा भारतमा फूल व्यक्तित्वमा किताव लेखिएको र हुँदाका वखतमा चरित्रमा नकारात्मक आएको हुँदा विवाद देखिदा पुस्तक नै परेको समाचार वारे दृश्तान्त दिदै

बाँकी पृ

परम्परागत ज्ञान, परम्परागत सास्कृतिक अभिव्यक्ति, लोक वार्ता (Folklore) र प्रतिलिपि अधिकार संरक्षण विषयक अन्तर्क्रियात्मक गोष्ठी

मानव सभ्यतासंगै विकास हुँदै पीडिगत रूपमा मौखिक र अभिव्यक्ति मार्फत हस्तान्तरण हुँदै आएका अमूर्त साँस्कृतिक सम्पदा नै आजका मानवको परिचय बन्न पुगेको छ । यिनै मानव सभ्यताका द्योतकपनि भएका छन् । यिनै सम्पदा मार्फत समाज, राष्ट्र एवं समग्र मानव जातिको पहिचान झल्किएको छ र मानव कल्याणका लागि प्रयोग हुँदै आएको छ । धार्मिक, संस्कारजन्य कार्यहरू, परम्परा र रितीरिवाजहरू, जीवनशैली, भेषभुषा लगायतका सामाजिक तथा साँस्कृतिक व्यवहार आदिमा स्वतः रूपमा हस्तान्तरण हुँदै आएका यसप्रकारका अमूर्त साँस्कृतिक सम्पदाको पहिचान, संरक्षण र विकास गर्दै समग्र मानव कल्याणका लागि उपयोग गर्नु आजको आवश्यकता भएको छ । यसैप्रसंगमा यी साँस्कृतिक सम्पदालाई संरक्षण, जगेर्ना गर्दै सम्बन्धित समुदायलाई टेवा दिन अन्तर्राष्ट्रिय स्तरमा पनि पहिलादेखि नै विभिन्न अभिसन्धि, सम्झौता आदि भएको छ । संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक साँस्कृतिक संगठन (युनेस्को) ले अमूर्त साँस्कृतिक सम्पदा अभिसन्धि, २००३ र साँस्कृतिक अभिव्यक्तिका विविधताको संरक्षण र प्रवर्द्धन गर्ने महासन्धि, २००५ लगायतका धेरै अभिसन्धि र घोषणा जारी भई लागु भएका छन् । यि समग्र अन्तर्राष्ट्रिय महासन्धिबाट साँस्कृतिक सम्पदाको पहिचान र अपनत्व स्थापना गर्ने कार्यमा राज्य एवं अन्तर्राष्ट्रिय समुदायको सकारात्मक सहयोगको अपेक्षा गरिएको छ ।

पुस्तौपुस्तादेखि हस्तान्तरण हुँदै आएका अमूर्त साँस्कृतिक सम्पदाहरू अन्तर्गत मानव कल्याणका लागि उपयोग गरिदै आएका परम्परागत ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति तथा लोकवार्ता आदिमा सम्बन्धित समुदायको प्रतिलिपि अधिकार संरक्षण गर्ने र तिनको उपयोग गरेवापत विभिन्न ढाँचामा पुनर्उत्पादन, प्रस्तुतीमा आर्थिक र नैतिक अधिकार स्थापित गराउने गरी कार्य हुँदै आंएको पनि छ । यसबाट अमूर्त साँस्कृतिक सम्पदा माथि समुदायको अपनत्व र पहिचान स्थापित मात्र नभएर प्रतिलिपि अधिकार संरक्षण समेत गराई दीर्घकालसम्म आर्थिक लाभ प्राप्त गर्ने र यसप्रकारका सम्पदा हमेसा संरक्षण गर्ने जिम्मेवारी पनि तिनै समुदायले लिउन् भन्ने ध्येय रहँदै आएको छ । यिनै विषयलाई ध्यानमा राखी यसको अवधारणागत परिचय, कानुनी अभ्यास एवं अधिकार संरक्षणका पक्षहरूका सम्बन्धमा सरोकारवालाहरू वीच अन्तर्क्रिया गर्नु आवश्यक महसुस भएको सन्दर्भमा कार्यालयले यही मिति २०७३ फागुन २५ गते बुधवारका दिन एक द्विवशीय अन्तर्क्रिया गोष्ठीको आयोजना गरेको थियो । श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयउन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख सहसचिव श्री भरतमणि सुवेदीज्यू प्रमुख अतिथि रहनु भएको कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ समिति सदस्य श्री हेमांग अधिकारी, सांस्कृतिक संस्थानका महाप्रवन्धक श्री राजेश थापा, भक्तपुर जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी श्री इश्वरराज कोइराला, भक्तपुर नगरपालिकाका कार्यकारी अधिकृत श्री रोहितकुमार पोखरेल, संस्कृति विज्ञ प्रा. तुलसी दिवश, श्री भीमप्रसाद नेपाल अतिथिको रूपमा उपस्थित हुनु भएको थियो । सहभागीहरूमा विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू रहनु भएको थियो । कार्यक्रममा सरकारी तथा गैरसरकारी स्तर, व्यक्तिगत विशेषज्ञताका आधारमा समेत करीव ६५ जनाको सहभागीता रहेको थियो ।

उक्त कार्यक्रममा परम्परागत ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति, लोक वार्ता (Folklore) र प्रतिलिपि अधिकार संरक्षण सम्बन्धमा अवधारणागत, कार्यक्षेत्र तथा कार्यान्वयन अवस्था विषयमा राजेन्द्र सिग्देल, अमूर्त साँस्कृतिक सम्पदाको प्रतिलिपि अधिकार संरक्षणमा सार्वजनिक निकायको भूमिका विषयमा श्री भरतमणि सुवेदी र परम्परागत ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति, लोक वार्ता (Folklore) र प्रतिलिपि अधिकार संरक्षणका कानूनी स्थिति र चुनौतीहरू विषयमा वौद्धिक सम्पत्ति विज्ञ राजकुमार सुवालबाट कार्यपत्रहरू प्रस्तुत गरिएका थिए ।

कार्यपत्रहरू प्रस्तुती पश्चात् सरोकारवालाहरू, आमन्त्रित अतिथिहरूबाट विभिन्न सुझाव समेत प्राप्त भएको छ

- लोक भाकाका गीतहहरूको संकलकको प्रतिलिपि अधिकारको कानूनले संरक्षण गरेको अवस्था, मगर संस्कृतिको भाका सालैजोको गीतका लागि मगर समुदायलाई रोयल्टी दिनु पर्ने नपर्ने र परम्परागत सांस्कृतिक अभिव्यक्तिको उद्‌गम थलो र समुदाय कसरी पत्ता लगाउने ?
- केही वर्ष अगाडि मध्यपुर थिमीमा प्रदर्शनीका क्रममा लोक गीत संगीत प्रस्तुत गर्दा कलाकारलाई सामान्य पारिश्रमिक र व्यवस्थापन खर्चका लागि प्रवेश शुल्क लिने निर्णय भएको, तर स्थानीय प्रशासनबाट नलिनु अन्यथा कार्यवाहि हुने आदेश भएको सन्दर्भमा कसरी लोक संस्कृतिको प्रतिलिपि अधिकार समुदायलाई जान सक्दछ ?
- लोक वाजाहरू अभिलेखीकरण गर्ने सिलसिलामा संग्रहालयमा हालसम्म करीव १३५० थरिका लोकबाजा, ६० हजार भन्दा वढि लोक भाकाहरू, ३ हजार भन्दा वढि नाच (लोक नृत्य) को अभिलेख गरिएको छ । संस्कृति प्रवर्द्धन कार्यक्रम अन्तर्गत मन्त्रालयमा राजनीतिक नेताहरूका नाउँमा खोलिएका प्रतिष्ठानहरूलाई करोडौं रकम दिइन्छ तर अभौतिक साँस्कृतिक सम्पदा संरक्षण, जगेर्ना र प्रवर्द्धन गर्नका लागि स्रोत साधन नदिने र प्राथमिकतामा पनि नपार्ने गरिएको छ । अभौतिक साँस्कृतिक सम्पदा अभिलेखीकरण गर्नका लागि राज्यले स्रोत उपलब्ध गराउनु जरूरी रहेको छ ।
- नेपालका लोक संस्कृतिहरू धेरै

बाँकी पृष्ठ ५ मा

प्रतिलिपि अधिकार सम्बन्धी .....

अनुसन्धान गर्ने अधिकृतहरूलाई स्पष्ट रूपमा कानुनी प्रावधानको जानकारी हुनु जरूरी रहेको र अनुसन्धान गर्दा प्रमाण संकलन कठिन भएको सन्दर्भमा प्रतिलिपि अधिकार वालाहरूले नै आआफ् ना प्रमाण सहित उपलब्ध गराउने सूचना संकलन गरेर अनुसन्धान गर्न सहज हुने विचार व्यक्त गर्नु भयो ।

कार्यक्रमका विशेष अतिथि धनुषा जिल्लाका प्रमुख जिलला अधिकारी श्री दिलिप चापागाईंले भाषा, संस्कृति र कलाको अनुपम संगमको रूपमा जनकपुरधाम पौराणिक र पुरातात्विक नगरी रहेको र त्यस स्थानमा साधक, सर्जक, अन्वेषणलाई उनीहरूबाट सिर्जना भएका रचना, कृतिहरूलाई कसरी प्रतिलिपि अधिकार संरक्षणको प्रत्याभूति गर्ने यही चुनौति रहेको बताउनु भयो । उहाँले प्रसिद्ध गायक कोमल वलीको गीत पोइल जान पाउँ को प्रतिक्रिया स्वरूप जस्तो गरी अर्को कलाकारले मैले ल्याउन पाउँ भन्ने वोलको गीतले मुद्दा परेको र विचाराधिन रहेको जानकारी दिनु हुँदै लय कपि गर्न नपाइने अवस्था रहेता पनि हालका वर्षहरूमा यस प्रकारका कार्यहरू गीत संगीत क्षेत्रमा वढि देखिएको हुँदा सरोकारवालाहरूलाई वढि जानकारी गराउनु पर्ने आवश्यकता औल्याउनु भयो ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला अदालत धनुषाका माननीय न्यायाधीश श्री राधाकृष्ण उप्रेतीज्यूले सिर्जना संरक्षण ऐन हुनु पर्नेमा प्रतिलिपि अधिकार ऐन हुँदा कार्य विवरण अनुसारको शीर्षक नमिले जस्तो देखिएको, कार्यालयको नाम पनि सिर्जना संरक्षण कार्यालय भई दिएको भए सबैले बुझ्ने, विकसित देशहरूमा सर्जकले आफ्ना सिर्जनाको रोयल्टी पाउंदछन् तर हामी कहाँ त्यस्तो भई नसकेको, आफ्ना सिर्जना/रचनाको दर्ता गराउनु उपयुक्त हुने र दर्ता गरी सकेपछि वलियो प्रमाण आफूसंग हुने हुँदा चोरीको डर नहोला कि विचार व्यक्त गर्नु भयो । उहाँले आफ्नो २५/३० वर्षको सेवाकालमा प्रतिलिपि अधिकार हननको मुद्दा नहेरेको हुँदा सञ्चार माध्यमबाट व्यापक प्रचारप्रसार भएमा सर्जकहरू पनि वढि जागरूक हुने पाएको वतानउनु भयो ।

(ग) तनहुँ, दमौली :

प्रतिलिपि अधिकार ऐन र कार्यान्वयन विषयमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले गण्डकी वांगमय प्रतिष्ठान, तनहूंसंगको सहकार्यमा २०७४ असार १० गतेका दिन तनहू जिल्लाको दमौलीमा प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकायका प्रमुखहरू तथा प्रतिनिधिहरू र साहित्यिक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, सरोकारवाला संघ संस्थाका प्रमुख/प्रतिनिधिहरूसंग एक दिने तालिम कार्यक्रम आयोजना गरेको थियो । तनहू जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री अमरराज पौडेलज्यूको प्रमुख आतिथ्य, धनुषाका प्रहरी उपरीक्षक श्री उमेशराज जोशी, वरिष्ठ साहित्यकार तथा अध्येता काशिनाथ न्योपाने, पत्रकार महासंघ तनहूंका अध्यक्षको विशेष आतिथ्यमा सञ्चालित सो कार्यक्रममा गण्डकी वांगमय प्रतिष्ठान, तनहूंका अध्यक्ष श्री सागर उदासले स्वागत मन्तव्य गर्नु भएको थियो ।

कार्यक्रममा प्रतिलिपि अधिकार संरक्षण र नेपालको विद्यमान अवस्थाका सम्बन्धमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार राजेन्द्र सिग्देल, प्रतिलिपि अधिकार उल्लंघन सम्बन्धमा अनुसन्धान तथा अभियोजन सम्बन्धि कानुनी र व्यवहारिक पक्षहरू विषयमा अधिवक्ता श्री गोविन्द पन्थले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा संस्थागत रूपमा पनि तनहूं जिल्ला अन्तर्गतको शुक्ला साहित्य संगमका अध्यक्ष नारायण श्रेष्ठ, आँबुखैरेनी स्रष्टा समाजका नारायण प्रसाद पोखरेल (रचना सहित), रिपोर्टर्स क्लव तनहूंका अध्यक्ष मदन वाग्ले, प्रगतिशील लेखक संघ, तनहूं, नेपाली लेखक संघ तथा विभिन्न सञ्चार माध्यमको पनि प्रतिनिधित्व भई सहभागिता रहेको थियो ।

कार्यपत्र पेश पश्चात् धेरै जसो सहभागी साहित्यकारहरूले विभिन्न विधाममा कविता, मुक्तक तथा गजल वाचन गर्नु भएको थियो । प्रतिलिपि अधिकार के हो र यसबाट कसरी लाभ लिन सकिन्छ भन्ने वारेमा धेरैलाई जानकारी दिन प्रचार प्रसारलाई जोड दिनु पर्ने विचार व्यक्त गर्नु भएको थियो । यसैगरी सूचना प्रविधिको विकास भई डिजिटल माध्यमबाट श्रव्यदृश्य सहितको संगीत सिर्जना, उत्पादन, वितरण आदि गर्न प्रस्तोताको आधिकारको संरक्षणमा जोड दिन कानूनी सुधार गर्नु पर्नेमा जोड दिनु भएको थियो । धेरैजसो सहभागीहरूले रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट आफ्ना रचना, संगीत र प्रस्तुती भएका गीतहरू प्रशारण भएको पाइने तर रोयल्टी हालसम्म उपलब्ध हुन नसकेको प्रति जिज्ञासा राख्नु भएको थियो । सोधग्रन्थको अनधिकृत रूपमा अर्काले हुवहु सारेर डिग्री लिने प्रवृत्तिको अन्त गरी स्रष्टाका अधिकार संरक्षण गर्न सार्वजनिक तथा नीजि क्षेत्र अग्रसर रहनु पर्ने धारणा राख्नु सहभागीहरूले भएको थियो ।

कार्यक्रमका अतिथि प्रहरी उपरीक्षक श्री उमेशराज जोशीले प्रतिलिपि अधिकार संरक्षणको विषयमा वि.सं. १९१० को मुलुकी ऐनमा पनि प्रावधान भएको, कुनै विषयका पुस्तक, ग्रन्थ छपाउनु पर्दा त्यसबेला गोरखा भाषा प्रकाशिनी समितिलाई जानकारी दिनु पर्ने प्रावधान रहेको, हालपनि प्रतिलिपि अधिकार संरक्षणका लागि अनुसन्धान गर्न सरकार वादी मुद्दा हुने, अनुसन्धान थालनी गर्न कम्तिमा पनि प्रहरी निरीक्षकबाट शुरू हुनु पर्ने जस्ता कानूनी व्यवस्थाले राज्यले उच्च प्राथमिकता दिएको पाइएको, मुद्दा चलाउन स्रष्टा कलाकारहरूसंग प्रमाण पुग्दैन, पीडितले माग दावी नगर्ने प्रवृत्ति, पाइरेसीका कारणले अवैधानिक कारोवारबाट व्यापार हुने गरेकोले नियन्त्रण गर्न कठिनाई रहेका वताउनु भयो । उहाँले कसको गीत कहाँ कति पटक बज्यो, त्यसको अभिलेख राख्नु पर्ने अनिवार्य नलगाएसम्म सुधार हुन नसक्ने धारणा व्यक्त गर्नु भयो । तनहू जिल्लामा यसप्रकारको प्रतिलिपि अधिकार हननको मुद्दा दर्ता नभएको जानकारी गराउनु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तनहूँका माननीय जिल्ला न्यायाधीश श्री अमरराज पौडेलले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापनाका बखत आफू सम्बन्धित मन्त्रालयमा रहेको जानकारी दिनु हुँदै, वैज्ञानिक आविष्कार संरक्षणको लागि वौद्धिक सम्पत्ति कानुन बनेको, देशको सांस्कृतिक, सामाजिक र आर्थिक विकासमा वौद्धिक सम्पत्तिको उल्लेखनीय योगदान रहने, विकसित देशको कूल ग्राहस्थ आयको ठूलो हिस्सा रचनात्मक उद्योगको योगदान रहने गरेको कुरा वताउनु भयो । आदिकविले सिर्जना गरेका भानुभक्तको रामायणको प्रतिलिपि अधिकार कसको रहेको हुन्छ भन्नेवारेमा आम जिज्ञासा रहने गरेको, अक्सफोर्ड इंगलिस डिक्सनरीको हरेका वर्षको अंक प्रकाशन गर्ने गरेको जसमा विभिन्न क्षेत्र, भाषाबाट शब्द ल्याई समावेश गर्ने गरेको हुन्छ । प्रतिलिपि अधिकार ऐन आइपछि धेरै सर्जकहरू खुशी भएका थिए तरपनि सबै प्रावधान कार्यान्वयन हुन बाँकी रहेका पाइएको छ । आम सर्जक, प्रतोता, उत्पादक लगायत प्रयोगकर्ताहरूमा जनचेतना अभिवृद्धि हुन सकेको छैन । सर्जकले सिर्जना गरेको कृतिबाट उनको जीवन यापन सहज होस् भन्ने सबैको विचार रहेको कुरा व्यक्त गर्नु भयो । अलि मियाका कृतिले उनलाई जीवन यापन सहज बनाउन नसक्दा थप सिर्जना गर्न उत्प्रेरणा नआउन सक्दछ । समाजका लागि उपयोगी सिर्जनाहरू प्रयोगकर्ताहरू सम्म पुग्ने उपयुक्त प्रविधि र विधिक निर्माण गर्नु पर्ने जरूरी भएको विचार व्यक्त गर्नु भएको थियो । ☐

नक्कली उत्पादनको प्रयोग कहिल्यै नगरौं ।

प्रतिलिपि अधिकार कानून .....

प्रतिलिपि अधिकार अन्तर्गतको कानुनी स्थितिका सम्बन्धमा स्पष्ट पार्नु पर्ने, यस विषयका उजुरी तथा मुद्दाको विशेषतामा पीडित आर्थिक रूपमा स्वयं नै पीडित हुने तर समाज र राज्यले त्यस पीडालाई अनुभूत नगर्ने देखिएको, कानून उल्लंघनकर्ताहरू समाजमा यत्रतत्र रहेका, उल्लंघनका कार्य आर्थिक हिसावले ठूलो देखिएको तर नियन्त्रणको कार्य अन्कैसम्म हुन बाँकी रहेको, भएको छैन, प्रविधिको विकाससंगै आउने यसप्रकारका समस्याहरू निराकरण गर्न सम्बन्धित पक्षले पनि आफ्नो क्षमता अभिवृद्धि गर्ने र राज्यले पनि समयानुकूल हुने गरी कानूनमा परिमार्जन गर्दै लग्नु पर्ने उपयुक्त हुने देखिएको, कार्यवाहीमा जाने प्रहरीलाई गलत सूचना पनि आउन सक्ने हुँदा कसरी यथार्थ कुरा ल्याउने र सम्भव भएसम्मका कार्यहरू कानूनी दायरामा लग्ने मुख्य चुनौती रहेको बताउनु भयो । उहाँले प्रतिलिपि अधिकार संरक्षणको विषयलाई राज्यले कानून मार्फत अत्यन्त महत्व दिएको छ तर अपेक्षित प्राथमिकता नपाएको जस्तो देखिंदा राज्यले यसप्रकारका अनधिकृत कारोवारमा नियन्त्रण गर्न थालेको सन्देश आम सञ्चार मार्फत वाहिर आउँदा पनि केही त स्वयं नै नियरिन्त्रत हुन सक्ने अवस्था रहेको विचार व्यक्त गर्नु भएको थियो । साथै उहाँले केही अगाडि एकजना गायिकाले ४ महिनाको मोवाइल रिंग व्याक टोनमा उनको गीत प्रयोग भएको भनी करीव डेढ लाख रोयल्टी उपलब्ध गरेको समाचारले सबेको ध्यान आकर्षित गरेको हुँदा यस क्षेत्रका वारेमा जिज्ञासा उत्पन्न भएको, नेपाल प्रहरीका अधिकृतहरू छलफलबाट लाभान्वित भएका र अव आउने उजुरी आदिमा उपयुक्त तवरले ध्यान दिने एवम् कानूनी प्रावधानको कार्यान्वयन गर्न माथिको आदेश पर्खनु पर्ने आवश्यकता नरहेको, प्रतिलिपि अधिकार धनी, सरोकारलावाहरूले पनि अनधिकृत कारोवार देख्ने वित्तिकै नजिगको प्रहरी इकाईलाई खवर गर्ने गरि दिनु भएमा आगामी दिनहरूमा सुधार आउने अपेक्षा गर्न सकिने विचार व्यक्त गर्नु भयो कार्यक्रमका प्रमुख अतिथि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव भरतमणि सुवेदीज्यूले मन्तव्यका क्रममा प्रतिलिपि अधिकार कानूनवारे धेरै सजक भएतापनि यो क्षेत्र अलि वढि सरोकार राख्ने र दायरा वढि भएको हुँदा तथा प्रविधिमा आएको तीब्र विकासका कारण चुनौती बढ्दै जाँदा धेरै सरोकारको विषय बन्न पुगेको, यस कार्यालयले विगत देखि नै नियमित रूपमा यसपकारका तालीम तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरेको र धेरैलाई यस विषयमा नियमित अभिमूखीकरण गर्नु पर्ने जरूरी भएको हुँदा आर्थिक अधिकार र नैतिक अधिकारका सम्बन्धमा थप जानकारी दिंदै जानु पर्ने देखिएका, हालका वर्षहरूमा व्यापक भएको डिजिटल पाइरेसी नियन्त्रणका लागि सबै सरोकारवालाहरूको समन्वय हुनु पर्ने देखिएको बताउनु भयो ।

उहाँले नेपाल सरकारको निर्णय अनुसार रोयल्टी व्यवस्थापन सम्बन्धमा अनुगमन गर्न विभिन्न केन्द्रिय निकायका प्रतिनिधिहरू रहेको निर्देशक समिति गठन भई क्रियाशलि रहेको छ जसको म आँफै संयोजक रहेको, नेपाल प्रहरीमित्र प्रतिलिपि अधिकार सेल गठन गर्नका लागि विगतदेखि नै आवाज उठ्दै आएको छ जुन गठन हुन सकेमा यस विषयले प्रहरी संगठनमित्र विशेष प्राथमिकता र ध्यान पाई प्रतिलिपि अधिकार हनन सम्बन्धी उजुरीमा अनुसन्धान गर्न सहज हुने अपेक्षा गरिएको विचार व्यक्त गर्नु भयो ।

ग) प्रतिलिपि अधिकार संरक्षण कानून तथा रोयल्टी सम्बन्धी संस्थाका कार्यहरू सम्बन्धमा तालीम कार्यक्रमको आयोजना

प्रतिलिपि अधिकार संरक्षण कानून व्यवस्थापन गर्ने संस्था- रोयल्टी सम्बन्धी संस्थाहरू - ३ वटामा कार्यरत कर्मचारीहरू र तिनसम्वद्ध पदाधिकारीहरूलाई प्रतिलिपि अधिकार कानूनको परिचय तथा रोयल्टी सम्बन्धी संस्थाको कार्यक्षेत्र र ती संस्थाहरूले गर्नु पर्ने कार्यहरू वारे जानकारी गराउन तालिम कार्यक्रम आयोजना गरिएको थियो । मिति २०७३ फागुन १६ गते कार्यालयको बैठक कक्षमा सञ्चालन गरिएको तालिममा प्रतिलिपि अधिकार विज्ञ, कानून व्यवशायी अधिवक्ता श्री परशुराम कोइरालाले प्रतिलिपि अधिकार तथा सम्वधित अधिकारका सम्बन्धमा यसको ऐतिहासिक पृष्ठभूमी, विद्यमान कानूनी अवस्था विषय र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले नेपालको सन्दर्भमा प्रतिलिपि अधिकार संरक्षण, रोयल्टी सम्बन्धी संस्थाको कानूनी प्रावधान, तिनका कार्यहरू र समसामयिक विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

तीनवटै रोयल्टी सम्बन्धी संस्थाका कर्मचारीहरू, प्रस्तोता सुमाज नेपालका कार्य समितिका पदाधिकारीहरू, कार्यालयका कर्मचारी समेतको उपस्थिति रहेको तालिममा कार्यपत्र प्रस्तुती पश्चात् सहभागीहरूबाट विभिन्न विषयमा आआफ्ना जिज्ञासा प्रस्तुत भएको थियो । मेकानिकल राइट, रोयल्टी सम्बन्धी संस्थाको कार्यक्षेत्र, डिजिटल प्रविधिबाट प्रतिलिपि अधिकारको संरक्षण, तीनवटा रोयल्टी सम्बन्धी संस्थावीच हुनु पर्ने समन्वयको सूचक र अनिवार्यता लगायत विषयमा उठेका जिज्ञासालाई कार्यपत्र प्रस्तोताहरूले आआफ्ना विचार व्यक्त गर्नु भएको थियो ।

घ) हेटौंडा, मकवानपुर

प्रतिलिपि अधिकार तथा सम्वधि अधिकार कानून कार्यान्वयन गर्ने निकायहरूः क्षेत्रीय प्रहरी कार्यालय, हेटौंडा, जिल्ला प्रहरी कार्यालय, मकवानपुर, जिल्ला न्यायाधिवक्ताको कार्यालय, मकवानपुर, हेटौंडा उच्च अदालत, मकवानपुर जिल्ला अदालतहरूका अधिकृत तथा कर्मचारीहरू, प्रतिलिपि अधिकारसंग सम्बन्धित विभिन्न साहित्य, संगीत सम्बन्धी संस्थाका प्रमुख/प्रतिनिधिहरू सहितका व्यक्तिहरूलाई प्रतिलिपि अधिकार र सम्वन्धि अधिकारका सम्बन्धमा कानूनी प्रावधान, कार्यान्वयनमा आइपरेका समस्याहरू आदिका वारेमा जानकारी गराउने र अनुभव आदानप्रदान गर्ने उद्देश्यले एक दिने तालीम कार्यक्रम २०७४ असार ३० गतेका दिन हेटौंडामा सम्पन्न गरियो । मकवानपुरका प्रमुख जिल्ला अधिकारी श्री नारायण प्रसाद शर्मा दुवाडीज्यूको प्रमुख आतिथ्यमा आयोजना भएको कार्यक्रममा प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्ने निकायका कर्मचारीहरू, साहित्य र संगीत क्षेत्रका व्यक्तित्वहरू, पत्रकार सहित सहभागी रहेको सो तालीम कार्यक्रममा उल्लेख्य सहभागिता रहेको थियो ।

प्रतिलिपि अधिकार संरक्षण गर्नका लागि प्रतिलिपि अधिकार हनन विरुद्ध पर्ने उजुरीहरूको अनुसन्धान, अभियोजनका सम्बन्धमा अधिवक्ता श्री कृष्णप्रसाद भण्डारी र प्रतिलिपि अधिकार संरक्षण तथा यसका विविध पक्षहरू विषयमा रजिष्ट्रार श्री राजेन्द्र सिग्देलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यपत्र प्रस्तुती पश्चात् सहभागीहरूबाट विभिन्न विषयमा देहाय अनुसारको आआफ्ना जिज्ञासा प्रस्तुत भएको थियो ।

- कसैले गीत मागेर अल्बुम निकाल्ने, रेकर्ड गरिएको गीतमा स्रष्टाको नाम छैन, केही गीतहरू स्रष्टा, प्रस्तोताको सहमती वेगर पनि अर्कैले गाएर रेकर्ड गरी चलचित्रमा समेत राखिएका छन् ।
- कुनै संगीत उत्पादक कम्पनीलाई नक्कली व्यक्तिले संगीत बेचेर नक्कली नाम राखेर प्रशारण तथा संचार गरिएकाछन् ।
- पुराना गीतहरू कभर गरेर, मोडिफाई गरेर र रेमिक्स गरेर युट्युवमा अपलोड गर्ने गरिएका छन् तर प्रतिलिपि अधिकार धनीलाई

बाँकी पृष्ठ ८ मा

प्रतिलिपि अधिकार कानून .....

जानकारी समेत दिइएको छैन ।

- शब्दहरूसंग धुन सिर्जना गरिएको हुन्छ । उत्पादकहरूले धुन सुन्छन्, गीत कपी गर्छन् पछि त अर्कैको नामबाट सो गीत संगीत यु ट्युवमा देखिन्छ ।

यी तमाम विषयमा सहभागीहरूले राखेका जिज्ञासा र कानुनी उपचारको उपायका वारेमा कार्यपत्र प्रस्तोताहरूले कानूनको प्रावधान विषयमा स्पष्ट पार्नु भएको थियो ।

यसैगरी प्रतिलिपि अधिकार संरक्षणका सम्बन्धमा सरकारी निकायको सिर्जनामाथिको संरक्षणको अवधि, प्रस्तोताका अधिकारहरूको स्पष्टता, श्रव्यदृश्य सामग्रीहरूमा प्रस्तोताको परिभाषा र समेटिनु पर्ने कलाकारहरू र नितको प्रतिलिपि अधिकार संरक्षणको ग्यारेन्टीवारे जानकारी मागेका, रेडियो टेलिभिजन तथा युट्युवमा संगीत प्रशारण तथा सञ्चार हुँदा किन स्रष्टा कलाकारहरूले विरोध गर्ने हो भनेर केही सम्बद्ध व्यक्तिहरू अटेर गर्ने गरेको समस्याका वारेमा समेत सहभागहिरूले जिज्ञासा प्रस्तुत गर्नु भएको थियो । यसैगरी रचना दर्ताका लागि प्रदेशस्तरमा पनि कार्यालय स्थापना गरिनु पर्ने माग उठेको थियो ।

कार्यक्रमका प्रमुख अतिथिज्युबाट मन्तव्यका क्रममा महत्वपूर्ण विषयमा तालीम कार्यक्रम आयोजना गरिएको हुँदा आयोजकलाई धन्यवाद ।

- आजकलको सुचना प्रविधिको युगमा साहित्य, गीत, संगीतवारे अधिकार संरक्षण गर्न वर्तमान संरचना, प्रविधिको प्रयोगको षमता स्तर, पूर्वाधार विकासको अवस्था र कानूनी व्यवस्था आदिलाई ध्यानमा राखेर कार्य योजना बनाई अल्पकालिन, मध्यकालिन र दीर्घकालिन रूपमा समस्या समाधान गर्दै जानु पर्ने जरूरी रहेको ।
- सार्वजनिक यातायात व्यवशायीहरूले कसरी थाहा पाउने कि गीत वजाएको रोयल्टी तिर्नु पर्दछ भनेर ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा म हुँदा नै रोयल्टी व्यवस्थापन सम्बन्धी कार्य योजनाका वारेमा र व्यवस्थापिका संसद् विकास समितिको निर्णय कार्यान्वयन गर्न मन्त्रालयमा पत्र लेख्ने काम भएको थियो । कार्यान्वयनमा जटिलता आएको महसुस भएको छ ।
- सरकारी औपचारिक क्षेत्र त पहिला रोयल्टीको दायरामा आउनु पर्‍यो । अति महत्वाकांक्षी हुन नहुने स्थिति छ ।
- संस्था नवीकरण, दर्ता आदि गर्दा सुरुमा नै रोयल्टी तिर्ने वाध्य पार्ने गरी कानुनी प्रावधान राखेर मात्र गर्नु पर्दछ ।
- बौद्धिक चोरीको व्याकपकता छ , सानेवाट सुरु गरी ठूलोमा पस्ने रणनीति लिनु उपयुक्त हुने ।
- समाजको गरीवि र चेतनास्तरले पनि प्रतिलिपि अधिकार संरक्षण कार्यान्वयन गर्न वातावरण निर्माण गर्ने पाइएको, उच्च नैतिक मूल्य मान्यता भएमा गैरकानूनी संगीतको खरिद विक्रि गरिदैन ।
- स्रष्टा कलाकारहरूका पनि पहिला व्यक्ति त्व विकास र प्रसिद्धि कमाउने चाहना हुन्छ, पछिबाट मात्र लाभको अपेक्षा गरिन्छ ।
- डाउनलोड सेन्टरहरू, वेभसाइट, आदिलाई नियन्त्रण गर्न भन्दा नियमन गर्नतिर ध्यान दिऔं । सतहमा समस्या खोज्नु भन्दा समस्याको कारक तत्वमा पुगौं ।
- अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गर्दा कार्यान्वयन क्षमता पनि विकास गर्नु पर्ने, अन्तर ष्ट्रिय समुदायसंग प्रतिष्पर्धा गर्न र लाभ लिन सक्षम छौं कि छैनौं राम्ररी महसुस गरौं । राष्ट्रिय कानुन परिमार्जन गर्दै कार्यान्वयनमा जानु पर्ने जरूरी छ ।
- विकास मुलुकको संमृद्धितिर हामी कसरी जोड्ने, रचनात्मक क्षेत्रको विकास गर्न समस्त स्रष्टा, प्रस्तोता, कलाकार, उद्यमीलाई बुझाउन प्रयत्न गर्दै जाऔं । सर्जकको प्रतिलिपि अधिकार संरक्षण कसरी सबैको सरोकार हो भन्ने बुझाउँदै जाऔं । ❑

रोयल्टी व्यवस्थापन .....

छलफल भईरहेको छ ।

उक्त विकास समितिका बैठकका निर्णय कार्यान्वयन गर्न श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट विभिन्न केन्द्रिय निकायहरूलाई निर्देशन गरिएको र यसै सन्दर्भमा रोयल्टी व्यवस्थापनका लागि कार्य योजना तयार भएको, विभिन्न मितिमा कार्यान्वयनका लागि छलफल गरिएको छ । यति हुँदा पनि रोयल्टी संकलन हुन नसकेको हुँदा निर्देशन समितिमा पनि यसका कारक तत्वहरूको वारेमा छलफल गरिएको छ । नेपाल सरकारबाट आ.व. २०७४/७५ को वजेट वक्तव्यमा पनि रोयल्टीलाई प्रशासनिक नियमनबाट व्यवस्थित गरिने उल्लेख भएको छ ।

कानुनले दिएको अधिकार प्रयोग गरी संकलन गरिनु पर्ने रोयल्टीलाई कानूनी रूपमा वाध्यकारी नबनाइकन रोयल्टीको दायरामा संगीतको सार्वजनिक प्रयोग गर्ने सेवा 'प्रवाहसंग सम्बन्धित संस्थाहरू सहज रूपमा आउन तयार नभएको पाईँदा त्यस प्रकारका संस्थाहरूको दर्ता गर्दा अथवा नवीकरण गर्दा रोयल्टी तिरेको अथवा संगीतलाई सार्वजनिक प्रयोग गर्न अनुमति लिएको निस्सा लिनु पर्ने अनिवार्यता बनाउनका लागि सम्बन्धित विभिन्न नियमावलीहरू, कार्यविधि, निर्देशिकामा गरिनु पर्ने संशोधनका वुंदागत टिपोट गरी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भएको र सो कार्यालयबाट कार्यान्वयनका लागि विभिन्न केन्द्रिय निकायमा पठाइएको विषयहरूलाई निर्देशक समितिका पदाधिकारीहरू र अन्य सरोकारवाला संघसंस्थाका प्रमुख/प्रतिनिधिवीच अन्तर्क्रिया गराउने उद्देश्यले २०७४ असार १८ गतेका दिन काठमाडौंमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव तथा रोयल्टी व्यवस्थापन तथा अनुगमन सम्बन्धी निर्देशक समितिका संयोजक श्री भरतमणि सुवेदीज्युको प्रमुख आतिथ्य, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलको अध्यक्षतामा आयोजित उक्त अन्तर्क्रियामा श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिवहरू श्री बुद्धिसागर लामिछाने र श्री आलोक चन्द्र श्रेष्ठ विशेष अतिथि रहनु भएको थियो । कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देल र श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव तथा रोयल्टी व्यवस्थापन तथा अनुगमन सम्बन्धी निर्देशक समितिका संयोजक श्री भरतमणि सुवेदीज्युले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा प्रस्तुत गरिएका कार्यपत्रका विषयका अतिरिक्त नेपालको संविधानले मौलिक हक अन्तर्गत स्वीकारेको बौद्धिक सम्पत्ति अन्तर्गतको गीत सङ्गीतको सार्वजनिक प्रयोग भएवापत प्रतिलिपि अधिकार धनी स्रष्टा कलाकार, प्रस्तोता एवं उत्पादकहरूलाई रोयल्टी संकलन, वितरण सम्बन्धमा प्रतिलिपी अधिकार ऐन, २०५९ मा रोयल्टी सम्बन्धमा भएका प्रावधानहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा रोयल्टी व्यवस्थापन सम्बन्धी संयन्त्र निर्माण गन, कलाको सार्वजनिक उपयोग गरे पश्चात् नियमानुसार उपलब्ध गराउनु पर्ने रोयल्टी सम्बन्धित कलाकारहरूलाई उपलब्ध गराउन आवश्यक नीतिहरू यथाशिघ्र कार्यान्वयन गर्न गराउन एवं उक्त ऐन अनुसार कलास्रष्टाहरू (रचनाकार, सङ्गीतकार, गायक र लेखक) तथा उत्पादकहरूको सृजना प्रयोग गरे वापत पाउनु पर्ने रोयल्टी पारिश्रमिक कडाईंका साथ उठाई

बाँकी पृष्ठ ११ मा

परम्परागत ज्ञान .....

पहिलादेखि नै विदेशीहरूले संकलन गरी हाल संसारभर विभिन्न स्थानहरूमा प्रदर्शन गरी कमाउँदै आएको तर नेपालमा कुनै पनि समुदायलाई रोयल्टी नदिएको अवस्था छ । करीव ४० घण्टा अवधिको श्रव्यदृश्य अभिलेख हामीले राखेका छौं ।

- लोक संस्कृतिको पहिचान, प्रवर्द्धन, प्रस्तुती र संरक्षण गर्ने उद्देश्यले स्थापना भएको साँस्कृतिक संस्थानबाट प्रस्तुत गरिने लोक नृत्यहरूका वारेमा कसरी भोलिका दिनमा रोयल्टी व्यवस्थापन गर्ने, आर्थिक अधिकारको वाँडफाँड, नैतिक अधिकार कसरी कसलाई दिने थप छलफल हुन जरूरी देखियो ।
- यसप्रकारका लोक गीत लगायत संस्कृतिको अभिलेखीकरण गरिनु आवश्यक देखियो ।
- नेपाल जस्तो साँस्कृतिक विविधता भएको मुलुकको संस्कृतिको सागरमा राज्यले नै पहिचान, नामांकन समय मै गरिदेओस् । कास्की स्याङ्जा लगायत देशका विभिन्न भागहरूमा सञ्चालित होमस्टेहरूमा पाहुनाहरूलाई त्यहाँका आमा समूहहरूले विभिन्न साँस्कृतिक कार्यक्रम प्रस्तुत गरी लाभ लिइरहेका छन् । लोक संस्कृतिलाई पहिचान, प्रबर्द्धन गर्दै त्यसरी प्रस्तुत हुने कार्यलाई कसरी व्यवस्थित गर्ने, यस वारेमा राज्यको समयमै ध्यान जानु जरूरी देखिएको छ ।
- नेपालको संविधान, २०७२ मा वौद्धिक सम्पत्तिलाई समेटिएको, हालै चर्चा गरिएको नेपालको वौद्धिक सम्पत्ति नीति आएको जानकारी पाएका छौं । विगतमा भक्तपुरमा परमपरागत ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति सम्बन्धी WIPO द्वारा आयोजना गरिएको गोष्ठीमा भक्तपुरमा जग्गा खण्डिकरण हुन थालेकाले भक्तपुरको इन्डिजिनियस ब्राउन राइस लोप हुने अवस्थामा पुगेको जानकारी दिएका थियौं । यसलाई समुदायमा पहिचान गरी संरक्षण गर्न सरकारबाट उपयुक्त कार्य हुनु पर्ने थियो । आजको विषय पनि यस्ते खालका हुन् । बोलेर भन्दा गरेर देखाउनु पर्ने जरूरी छ ।
- महाकादली नाँचको धार्मिक तथा वैज्ञानिक महत्व रहेको छ । यसको संरक्षण र सञ्चालन गर्न न्यून रकम आउने, प्रोत्साहन हुनु पन्यो । अधिकार संरक्षण गर्न भन्दा पहिला त अधिकार प्रदान गरिनु पन्यो । हामी समुदाय यसप्रकारका ऐतिहासिकता वोकेका अभौतिक सम्पदाहरू जीवन्तता कायम राख्न सक्षम छौं केवल राज्य हामी प्रति सहानुभूतिपूर्वक हेरेको छ भन्ने महसुस हुनु पन्यो ।
- आजको कार्यक्रम अत्यन्तै सामयिक र आवश्यक हो । आयोजकलाई धन्यवाद दिन चाहन्छु ।
- अन्तर्राष्ट्रिय परिस्थितिलाई जस्ताको तस्तै नक्कल गर्न खोजेमा हाम्रो मौलिकता हराएर जान्छ। नेपालको सन्दर्भमा हेरिनु पर्दछ । यसको पहिचान, संरक्षण, प्रवर्द्धन तथा विकासका लागि कानूनी इन्स्ट्रुमेन्टस्, टुल्स लाई नेपाली सन्दर्भमा उपयुक्त तवरले समावेश गर्दै लागु गरौं ।
- हालसम्म हामीहरू लैंगिक इक्वीटि, अभिव्यक्ति स्वतन्त्रता, दीगो विकास आदिमा गयौं । अहिले जति भएकाछन् तिनबाट अगाडि बढौं ।
- हामी साँस्कृतिक रूपमा सम्पन्न छौं । भौगोलिक विविधतामा हामीकहाँ धेरै सम्पदा देख्न सकिन्छ । लोक गीतमा संकलकको अधिकार स्थापित भएको छ । सोरठी गीत मगर, गुरुङ्ग मात्र नभएर थारू र राईको पनि हो । कुन जातिसंग छ भन्ने कुरा त्यसको उद्भव कुन जातिबाट भएको हो, खोज र अनुसन्धान गर्न जरूरी छ । अनुसन्धानको विधि, प्रकृया र आधारहरू निर्धारण भएका छन् । टेक्स्ट मात्र नभएर कन्टेक्स्ट लाई हेरिनु पर्दछ ।
- संसार भरिको संस्कृति देख्न नेपाल आउनु पर्याप्त हुने । अभौतिक सांस्कृतिक सम्पदा उचाई अनुसार नै विविधता देख्न सकिन्छ, जातिगत विविधता, वनस्पतिगत विविधता, जलवायु विविधता सबैखालका विविधताको संगम नेपालमा छन् । कृषि, वन, जलवायु, वाजा, नृत्य हाउभाउ, पहिरन, जीवनशैली, रीतिरिवाज तथा संस्कारहरू उचाई, पर्यावरणसंग कसरी सामिप्यता राख्दछन् भन्नेकुरा अध्ययन पछि मात्र थाहा पाइन्छ । चेतनायुक्त अनुसन्धान गरौं ।
- नेपालमा यथार्थमा १४० जातीहरू बसोबास गर्दछन् । यि सबैका धार्मिक, सांस्कृतिक, आध्यात्मिक रितिरिवाज, संस्कार, लोक संस्कृतिलाई प्रतिलिपि अधिकार संरक्षणसंग कसरी जोड्ने, राज्यले केहि गर्नु पर्दछ कि पर्दैन ? नेपाल आउने प्रत्येक विदेशीसंग नेपाल पर्यटन बोर्डले रू १,०००/- का दरले असुल गरेको छ । हाम्रो संस्कृति हेर्न आउने हुन् ती विदेशी । तर यसरी संकलन गरिएको रकम संस्कृतिको क्षेत्रमा वोर्डले कति खर्च गरेको छ, हेर्नु पर्ने त्यो हो । वोर्डको प्राथमिकतामा संस्कृति परेको छैन । जसबाट कमायो यसलाई वास्ता नगर्नु राम्रो होइन ।
- भौतिक र अभौतिक संस्कृतिविच अन्योन्याश्रित सम्बन्ध छ । नीति बनाएर मात्र पर्याप्त हुँदैन । यसलाई फलदायी बनाउन कार्यान्वयनको तत्परता चाहिन्छ । आज उठेका विषयलाई कार्यान्वयन गर्नका लागि पाँच सात जनाको न्यूक्लियर वोडी निर्माण गरौं । प्रतिवेदन तयार गर्न लगाई पुनः छलफल गरौं । केहि न केहि त अवश्य उपलब्धि देखिने छ । साक्षरता बढेको अवस्थामा ओरल ट्रान्सफर्मेसन्स हुन अवरोध देखिन सक्दछ । बैज्ञानिक आधारमा अभिलेखीकरण हुनुपर्दछ । नवदुर्गा नाच ९ महिनासम्म नाचिन्छ । लोकवार्ता भनेको सिर्जना हो र सर्जक भनेको लोक हो । नाच रिचुअलिष्टिक हुँदा हस्तान्तरण हुँदै जान्छ तर सेक्रेट भएमा हस्तान्तरण नहुन सक्दछ । तान्त्रिक कार्यहरूको ज्ञान गुरूले एकजना भन्दा अरूलाई दिँदैनन् ।
- संस्कृति भनेको गतिशील हो, परिवर्तन र प्रविधि मैत्रि हुँदै अगाडि बढ्दै जानु पर्दछ । संस्कृति भनेको वढि भन्दा वढि मान्छेको सोंच, मन हो हालसम्म पनि यो विषय प्राज्ञिक बन्न सकेको छैन ।
- आजको उपस्थिति बहुआयामिक र सहभागितामूलक भएको हुँदा आजको विषयलाई फोकस गरेर जाने हो भने उपलब्धि हासिल गर्न सकिन्छ । कल्चरका कस्टोडियन र प्राक्टिसनरका अधिकारलाई स्थापना गर्नका लागि थप छलफल हुनु जरूरी देखेको छु । सानो समूहमा समुदायको पहिचान, तिनका कानूनी संरक्षण हुने तरिका, आदि वारेका छलफल गर्न सकिन्छ।
- पशुपतिनाथ आर्यघाटमा दाहसंस्कारको फोटो, भिडियो खिचेर पर्यटकले लान पाउने कि अनुमति लिनु पर्ने ? आज यहाँ उपस्थित हरि गोविन्द लिभिंग ह्युमन ट्रिजर भएका कारण औपचारिक शिक्षा विना पनि काठमाडौं विश्वविद्यालयले प्राध्यापक बनाएको छ । यो अवधारणालाई हाम्रो सन्दर्भमा प्रयोग गरेर कानूनी संरक्षण हुन सक्दछ ।
- अभौतिक सांस्कृतिक सम्पदाको इन्भेनट्रीलाई मान्यता दिने वारेमा विभिन्न विधि तयार भएकाछन् । तिनलाई तयार गरी प्रयोग गरिनु पर्दछ ।
- कार्यक्रमका प्रमुख अतिथि श्री भरतमणि सुवेदीज्यूले आफ्नो मन्तव्यका क्रममा कार्यक्रममा भएका प्रस्तुती र तिनका उपर आएका फिडव्याकलाई उपलब्धिको रूपमा लिएको, भूगोल जाति अनुसार संस्कृति फरक हुने र विषय ज्यादै व्यापक भएको हुँदा सबैमा जानकारी गराउँदै न्यूक्लियर बोडिमा छलफल गर्न सकिने, नीतिगत सवालहरू, कार्यक्रमगत छलफल गर्ने, लिभिंग ह्युमन ट्रिजर मा कार्य गर्न सरोकारवालाहरूको निरन्तर सहयोग चाहिने व्यहोरा व्क्र गर्दै आआफ्नो कार्य व्यस्तताका बावजुद पनि सहभागिता जनाउनु हुने सबैलाई धन्यवाद दिनु भयो । ❑

श्रव्यदृश्य प्रस्तुती सम्बन्धी बेइजिंग सन्धि, २०१२ सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम

विश्व बौद्धिक सम्पत्ति संगठनद्वारा जारी भएको श्रव्यदृश्य प्रस्तुती सम्बन्धी बेइजिंग सन्धि, २०१२ को नेपाल पक्ष राष्ट्र बन्नु पर्दछ भन्ने विषयमा सरोकारवालाहरूवीच छलफल अन्तर्क्रिया गरी बेइजिंग सन्धिलाई नेपालले अनुमोदन गर्दा उपलब्ध हुने लाभ र अनुमोदन नगर्दाको अवस्थामा पर्ने असर आदि विषयमा २०७४ असार २३ गते काठमाडौंमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलको अध्यक्षता र श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव (कानून) श्री आलोकचन्द्र श्रेष्ठज्यूको प्रमुख अतिथ्यमा आयोजित उक्त कार्यक्रममा गीत रचना, संगीत, प्रस्तोता र उत्पादक विधा र चलचित्र क्षेत्र सम्बद्धबाट पेशागत छाता संगठनका प्रमुख/प्रतिनिधि, रोयल्टी सम्बन्धी संस्थाका प्रमुख पदाधिकारीहरू, विभिन्न स्रष्टा, कलाकार, पत्रकार, रेडियोकर्मी आदिको उपस्थिति रहेको थियो ।

सो कार्यक्रममा प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकारको संरक्षणका लागि बेइजिंग सन्धिका विशेषता र विविध पक्षमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देलबाट र अन्तर्राष्ट्रिय अभिसन्धि, सन्धिहरू नेपालले अनुमोदन गर्दाका आवश्यक प्रकृयाहरू र नीतिगत व्यवस्थावारे श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव (कानून) श्री आलोकचन्द्र श्रेष्ठबाट कार्यपत्र प्रस्तुत गरिएको थियो ।

कार्यपत्रमाथि उपस्थित अतिथि तथा सहभागीहरूले चलचित्र, वृत्तचित्र लगायतका श्रव्यदृश्य सामग्रीमा संलग्न प्रस्तोताहरूको प्रतिलिपि अधिकार संरषण र रोयल्टीमा अधिकार विषयमा जिज्ञासा राख्नु भएको थियो । ५० वर्ष अगाडि बनेको आमा चलचित्रका प्रस्तोताले रोयल्टी पाउने, नपाउने ? नाटकका कलाकार हरूले सो नाटक फिक्सेसनमा हुँदा पारिश्रमिक पाइसकेका कलाकारले पनि प्रस्तोताको अधिकार कायम हुने नहुने ? चलचित्रमा अभिनय गर्नेहरूले पहिला पारिश्रमिक दिईसकेको अवस्था हुादा रोयल्टी पाउने कि नपाउने ? पुरानो चलचित्र पुनर्उत्पादन गरिएमा प्रस्तोताहरूले लाभ लिन पाउने कि नपाउने ? प्रस्तोता समाज, नेपालको विधानमा श्रव्यदृश्य प्रस्तुतीको सदस्य बन्न सक्ने गरी क्षेत्र समेटिएको छ तर रोयल्टी कसरी निर्धारण हुन सक्दछ ? यसैगरी सहभागीहरूले नेपालले सन्धिमा हस्ताक्षर गर्न सधैं हतारो गर्ने तर कार्यान्वयन गर्न नसक्ने अवस्था आएको हुँदा क्षमता विकास गरेर मात्र सन्धि अनुमोदन गर्नु उपयुक्त हुने सुझाव राख्नु भएको थियो । कार्यपत्र प्रस्तोताहरू र टिप्पणीकर्ताहरूले प्रतिलिपि अधिकार ऐन, २०५९ अनुसार पनि प्रस्तोताको अधिकार जीवन पश्चात् पनि ५० वर्षसम्म संरक्षित रहेको, पारिश्रमिक लिए पछि आर्थिक अधिकार समाप्त हुने, सिर्जनाको सार्वजनिक प्रयोग हुँदाका वखत प्राप्त रोयल्टीमा हक रहने, नेपालको विद्यमान प्रतिलिपि अधिकार ऐन, २०५९ मा चलचित्रको परिभाषा नदिइएको सन्दर्भमा प्रतिलिपि अधिकार अन्तर्गतको सम्वन्धित अधिकारभित्र पर्ने बेइजिंग सन्धि अनुमोदन भएपछि अथवा कानुन संशोधन पश्चात् मात्र यस विषयलाई छलफल गर्न सकिने, उक्त सन्धिका विशेषता, नेपाल पक्ष राष्ट्र हुँदा कुनै पनि आर्थिक, प्रशासनिक थप दायित्व नपर्ने, नेपालको सूचना प्रविधिमा विकास भएको पूर्वाधार अवस्थाले उक्त सन्धि कार्यान्वयन गर्न सकिने अवस्था रहेको विचार व्यक्त गरिएका थिए । सो सन्धिले प्रभाव पार्ने अन्य कानुनहरूमा दूरसञ्चार ऐन, २०१९, राष्ट्रिय प्रशारण ऐन, २०४९, रेडियो ऐन, २०१४ विद्यूतीय कारोवार ऐन आदि भएको पनि जानकारी गराइएको थियो । कार्यक्रमका प्रमुख अतिथि श्री आलोकचन्द्र श्रेष्ठज्यूले अन्तर्राष्ट्रिय सन्धि अनुमोदनको समय पावन्दी नभएको, नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट प्रकृया शुरू गरी मन्त्रालयमा पठाएपछि अर्थ मन्त्रालय लगायत सबै केन्द्रिय निकाय तथा सम्बद्ध पक्षबाट सकारात्मक राय प्रतिक्रिया आएमा कानुन मन्त्रालयको राय लिई अगाडि बढाउन सकिने, सन्धिबाट पर्ने प्रभाव र असर वारे लेखाजोखा गर्न कानून मन्त्रालय, अर्थ मन्त्रालय समेतका प्रतिनिधि सहितको कार्यदल बन्ने र प्रतिवेदन तयार पछि अनुमोदन प्रकृया अगाडि बढ्ने, मन्त्रालयले निर्णय गरी सन्धि अनुमोदन गर्न व्यवस्थापिका संसद्मा पेश गर्न स्वीकृतिका लागि श्री मन्त्रिपरिषद्मा पठाउनु पर्ने र मन्त्रिपरिषद् बाट स्वीकृती प्राप्त भएपछि सन्धि अनुमोदनका लागि श्री व्यवस्थापिका संसद्मा पेश गर्न पाइने र व्यवस्थापिका संसद्को बहुमतको निर्णयबाट पारित भएपछि सन्धि अनुमोदन हुने प्रकृयाका वारेमा जानकारी गराउनु भएको थियो ।

सन् २०१२ जुन २० देखि २६ सम्म जनगणतन्त्र चीनको राजधानी बेइजिंगमा आयोजित कुटनैतिक सम्मेलनबाट पारित गरिएको सो सन्धिको प्रावधान अनुरूप हालसम्म पनि ३० वटा सदस्य राष्ट्रहरूबाट अनुमोदन भई नसकेको हुँदा लागु भएकोछैन । कार्यक्रमबाट तुरून्तै सन्धि अनुमोदन प्रकृयाका लागि पठाउनु भन्दा सन्धिलाई नेपाली भाषामा अनुवाद गरी नेपाली भाषाका प्रतिहरू सम्बद्ध संघसंस्थाहरूमा लिखित प्रतिक्रियाका लागि पठाउने, प्राप्त हुने रायप्रतिक्रिया समेतलाई विचार गरी प्रस्तोताहरूको सकारात्मक राय आएपश्चात् मात्रै अनुमोदनको आवश्यक प्रकृयाका लागि तालुक मन्त्रालयमा पेश गर्नु उपयुक्त हुने विषयमा सबैको सहमती रहेको पाइयो । ❑

रोम अभिसन्धि, १९६१, WIPO Copyright Treaty, 1996 / WIPO Performances and Phonograms Treaty, 1996 को नेपाल पक्षराष्ट्र बन्ने सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम

प्रतिलिपि अधिकार सम्बन्धी अन्य महत्वपूर्ण तथा उल्लेखनीय अन्तराष्ट्रिय सन्धि संझौताहरूमा रोम अभिसन्धि अर्थात् Rome Convention for the Protection of Performers, Producers of Phonograms and Broadcasting Organizations, 1961 पर्दछ । सन् १९६१ मा पारित तत्सम्बन्धि आधिकारसंग सम्बद्ध यस महासन्धिले खास गरी प्रस्तोता, ध्वनी अङ्कन उत्पादक तथा प्रशारण संस्थाहरूको अधिकारको संरक्षण गर्न महत्वपूर्ण अन्तर्राष्ट्रिय कानूनी दस्तावेज भएको छ ।

यसैगरी विश्व बौद्धिक सम्पत्ति संगठनबाट प्रशासनिक हुने WIPO Copyright Treaty (WCT) र WIPO Performances and Phonograms Treaty (WPPT) सन् १९९६ मा घोषणा गरिएका र सन् २००२ देखि लागु भएका अन्तर्राष्ट्रिय सन्धि हुन् । सूचना प्रविधिको विकाससंगै प्रतिलिपि अधिकारजन्य सामग्रीहरूको पुनर्उत्पादन, सञ्चार तथा प्रशारणमा इन्टरनेट एवं कम्प्यूटर प्रविधि उपयोग हुन थाले पछि यस नविन स्थितिलाई सम्बोधन गर्न यी दुई सन्धि जारी भएका हुन् र यीनलाई इन्टरनेट सन्धि पनि भन्ने गरिन्छ ।

माथि उल्लेख गरिएका अभिसन्धि सन्धिहरूको नेपाल पक्ष राष्ट्र बन्ने विषयमा भएको अध्ययन प्रतिवेदन सरकोकारवालाहरूबीच अन्तर्क्रिया गर्ने उद्देश्यले यस कार्यालयले २०७४ असार २४ गतेका दिन काठमाडौंमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका निमित्त सचिव श्री बुद्धिसागर लामिछानेज्यूको प्रमुख अतिथ्यमा आयोजित कार्यक्रममा रोयल्टी सम्बन्धी संस्थाका प्रमुख प्रतिनिधिहरू, संगीतका विभिन्न विधाका पेशागत छाता संगठनका अध्यक्ष/प्रतिनिधिहरू र स्रष्टा कलाकारहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा उल्लिखित अभिसन्धि सन्धिहरू, प्रतिलिपि अधिकारको सैद्धान्तिक विषयवस्तु, नेपालको कानुनी, संरचनागत र अन्य पक्षहरू र अन्तर्क्रियाको बुँदाहरू विषयमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री राजेन्द्र सिग्देल र सन्धिहरूका विविध पक्ष र नेपाल पक्ष राष्ट्र बन्न हुने कारण सहितको अध्ययन प्रतिवेदनको मुख्य मुख्य विषय बुँदागत रूपमा परामर्शदाता श्री श्रुतीकेमारी रेग्मीबाट कार्यपत्र प्रस्तुत भएको थियो । साथै दुवै कार्यपत्रहरू माथि प्रतिलिपि अधिकार विज्ञ प्रा. डा. बलबहादुर मुखियाबाट टिप्पणी गरिएको थियो ।

कार्यक्रमको विषयवस्तुमा केन्द्रित रही प्रस्तुत गरिएका दुवै कार्यपत्रहरू र टिप्पणी एवम् अन्य विषय समेतमा सहभागीहरूबाट आआफ्ना विचार प्रस्तुत भएका थिए । नेपालले ती सबै अभिसन्धि, सन्धिहरू अनुमोदन गर्नु पूर्व नेपालको समग्र पूर्वाधार स्थिति, लाभ लिन सक्ने क्षमता आदिवारे अझै अधययन हुनु पर्ने, प्रस्तुत सन्धिहरू विषेश गरेर सम्बन्धित अधिकारसंग भएको हुँदा नेपालको सन्दर्भमा अनुमोदन गरिहाल्नु उपयुक्त नहुने, अन्तर्राष्ट्रिय परिस्थिति, सिर्जनात्मक उद्योगको विकासका लागि ती सन्धिहरू यथाशीघ्र अनुमोदन गर्ने गरी प्रकृया थालनी गर्नु पर्ने, कम्प्यूटर प्रोग्रामहरू पनि समेटेको हुँदा नेपालले अनुमोदन गरेपश्चात् पछि पाइरेसी भईहालेमा ठूलो क्षतीपूर्ती दिनु पर्ने हुन्छ कि? लिमिटेसन र एक्स्पेक्टेसन सम्बन्धमा अलि स्पष्ट होआ, एडिसनल प्रोटेक्सन भनेको के हो, स्पष्ट हुनु पर्ने, पीयर टु पीयर सेयरिंग गर्न पाइने नपाइने यस वारेमा पनि स्पष्ट पारिनु पर्ने, प्रत्यक्ष वैदेशिक लगानी भित्रिन सक्ने क्षेत्र हुँदा अनुमोदन गर्दा लाभ मिल्ने देपखिएको विचार व्यक्त गर्नु भएको थियो । यसैगरी भारत चीन पक्ष राष्ट्र नहुनुका कारण र अमेरिकाको रिजर्भेसन वारेमा पनि विचार आउनु पर्ने, साक्षरता र अंग्रेजी भाषामा दख्खल हुनु पर्ने एवं सूचना प्रविधि जान्ने जनसंख्या वढि हुनु पर्ने हुँदा नेपालको तयारी अवस्था हेरिनु पर्ने, यी सन्धिहरू नेपालीमा अनुवाद गरेर सबै सरोकारवालाहरू संघसंस्थालाई पठाई तिनका राय प्रतिक्रिया प्राप्त गरेपछि मात्र कार्यवाही अगाढि बढाउन उपयुक्त हुने, परम्परागत साँस्कृतिक अभिव्यक्ति र लोकगाथालाई संरक्षण गर्न पनि WPPT को पक्ष राष्ट्र हुनु पर्ने जरूरी रहेको वारे सहभागीहरूबाट आआफ्ना प्रतिक्रिया व्यक्त गरिएको थियो ।

सहभागीहरूबाट उठाइएका विषयहरूको कार्यपत्र प्रस्तोताहरू, टिप्पणीकारले जवाफ दिनु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव तथा निमित्त सचिव श्री बुद्धिसागर लामिछानेज्यूले उक्त कार्यक्रमको विषयवस्तु नयाँ आएका, यसका पक्ष विपक्षमा राय प्रतिक्रियाहरू आएका, नीतिगत निर्णय गर्दा सहज हुने ठानेको र सन्धिहरू आत्मसात गर्दा कसरी वढि भन्दा वढि फाइदा लिन सकिन्छ, त्यतातर्फ वढि ध्यान दिन उपयुक्त हुने, सन्धिका भाषा लोभलाग्दा र मीठा हुन्छन् तर पछि हामी जस्ता साना देशलाई पार्ने प्रभाव अहिले अन्दाज गर्न नसकिने, राष्ट्रिय कानूनमा परिमार्जन गरिनु पर्ने विषयवस्तु र सन्धि कार्यान्वयनका लागि आवश्यक पर्ने क्षमता विकासमा पनि ध्यान जानु उपयुक्त हुने हुँदा अझै राम्ररी अध्ययन गरेर मात्र कार्यालयले मन्त्रालयमा पेश गर्न सुझाव दिनु भयो । ❑

रोयल्टी व्यवस्थापन .....

सम्बन्धित स्रष्टाले पाउने व्यवस्था मिलाउन प्रापत भएका निर्देशन कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने वारेमा सहभागीहरूले आआफ्ना विचार व्यक्त गर्नु भएको थियो ।

सिर्जनात्मक उद्योगको आधारस्तम्भको रूपमा चिनिएको प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकार संरक्षणका लागि सबैले आआफ्नो क्षेत्रबाट सहयोग गर्नु पर्ने विषय पनि चर्चा गरिएको थियो । आगामी आर्थिक वर्षभित्र नै रोयल्टी सम्बन्धी संस्थाहरू आन्तरिक श्रोतबाट संस्था सञ्चालन गर्ने सक्षम हुनु पर्ने गरी रोयल्टी संकलन गर्नु जरूरी रहेको उपस्थित सबैले स्वीकार गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि श्री भरतमणि सुवेदीज्यूले रोयल्टी व्यवस्थापनका लागि रोयल्टीको लागि पहिचान गरिएका कार्यक्षेत्रमा पुगी रोयल्टी संकलनको कार्य गर्ने, रोयल्टी सम्बन्धी मापदण्डलाई अद्यावधि गर्ने, रोयल्टी सम्बन्धी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने, रोयल्टी सम्बन्धी संस्थाहरूको आपसी समन्वय सुदृढ बनाउने, पाइरेसी नियन्त्रण गर्न सूचना प्रविधिमा आधारित संगीत सिर्जना, उत्पादन र वितरणलाई उपयुक्त प्रणाली निर्माण गरी लागु गर्ने र पाइरेसी नियन्त्रणका लागि प्रभावकारी कदम चाल्नु पर्ने जरूरी रहेको बताउनु भएको थियो । यसका लागि सबै सरोकारवालाहरूको आपसी समन्वय, सहयोग अपरिहार्य भएको बताउनु भयो । ❑

विश्व सङ्गीत दिवश .....

समारोहको सभापतित्व नेपाल साङ्गीतिक संघका अध्यक्ष वरिष्ठ संगीतकार मिलन मोक्तानले गर्नु भएको थियो भने स्वागत मन्तव्य सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री राजेश थापाज्यूले गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा विशेष धन्यवाद नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानज्युले दिनुभएको थियो ।

❑

२०७४ अषाढ मसान्त सम्मको रचना दर्ता



नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध

साहित्यिक तथा कलात्मक रचना, ध्वनिअंकन, प्रस्तुति र प्रसारणका सिर्जनामा सिर्जनाकारको हक संरक्षण हुने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ ले गरेको हुँदा सिर्जनाको प्रयोगमा देहाय बमोजिम सतर्कता अपनाउनु हुन अनुरोध छ ।

- कसैले तयार गरेको साङ्गीतिक रचनामा अनुमति नलिई तोडमोड वा रिमिक्स गर्नु हुँदैन ।
- चलचित्रको पूरै वा आंशिक अंश चलचित्र उत्पादकको अनुमति नलिई पुनरूत्पादन गर्नु हुँदैन ।
- फोटोजन्य रचनाको प्रयोग गर्दा फोटोग्राफरको अनुमति लिनु पर्दछ ।
- पुस्तक, लेख वा अन्य रचनाको पूरै वा कुनै अंशको प्रयोग गर्दा वा त्यस्ता रचनाको फोटोकपि गरी व्यापार गर्दा लेखक तथा प्रकाशकको अनुमति लिनु पर्दछ ।
- प्रसारण संस्था आफैले तयार गरी प्रसारण गरेको सामग्री अरूले आफ्नो सामग्री बनाई प्रसारण गर्नु हुँदैन ।

यस्ता कार्यहरू अनुमति बिना गर्नु दण्डनीय अपराध भएको हुँदा अधिकार धनीको अनुमति लिएर मात्र सिर्जनाको प्रयोग गर्नु गराउनु हुन अनुरोध छ ।

सम्पादकीय

मानवबाट मौलिक तथा बौद्धिक रूपले सिर्जित रचना, ध्वनिअङ्कन, प्रस्तुति र प्रशारण आदिको कानुनद्वारा स्रष्टालाई प्रदान गरिने एकलौटी अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ । समाजको सामाजिक, साँस्कृतिक र आर्थिक विकासका लागि अत्यन्तै महत्वपूर्ण प्रतिलिपि अधिकारको महत्वलाई बुझी त्यसको संरक्षण तथा विकास गर्न जरूरी छ । नेपालमा २०२२ सालमा जारी गरिएको प्रतिलिपि अधिकार ऐनलाई परिमार्जन गरी २०५९ सालमा प्रतिलिपि अधिकार ऐन, २०५९ जारी गरिएको र २०६१ सालमा प्रतिलिपि अधिकार नियमावली जारी भएको छ । यस सन्दर्भमा नेपाल विश्व बौद्धिक सम्पत्ति संगठनको सदस्य, विश्व व्यापार संगठनको सदस्य र वर्न अभिसन्धिको पक्ष राष्ट्र भएको छ ।

प्रतिलिपि अधिकार व्यवस्थाले देशको साहित्य, कला, संस्कृति र आर्थिक क्षेत्रमा टेवा पुऱ्याउँछ । सिर्जनात्मक उद्योगको विकासबाट कूल ग्राहस्थ उत्पादनमा समेत योगदान दिन्छ । प्रतिलिपि अधिकारका सम्बन्धमा स्रष्टा कलाकार, उत्पादक तथा आम जिज्ञासुलाई चालु आर्थिक वर्ष २०७३/७४ मा कार्यान्वयन सम्पन्न भएगरेका कार्यक्रमहरू, प्रवर्द्धनात्मक कार्यहरू, विभिन्न विश्वस्तरका दिवशहरू मनाइएको, कानुन कार्यान्वयन गर्नका लागि सहज बनाउन निर्देशिका तथा जानकारीमूलक पुस्तिका तयार गरी प्रकाशन गर्ने कार्य गरिएको छ ।

आर्थिक वर्षभरीमा स्रष्टा कलाकारहरूका लागि कृति/सिर्जनाको सार्वजनिक प्रयोग वापतको रोयल्टी संकलन गर्ने कानूनी व्यबस्थालाई कार्यरूप दिन सरोकारवालासँग छलफल भए । रोयल्टी सम्बन्धी मापदण्ड निर्धारण र वितरण कार्यमा निर्देशन तथा अनुगमन गर्न गठित रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठक र अन्तर्क्रियामा यस बिषयमा छलफल हुनु सकारात्मक रह्यो । यसैगरी रोयल्टी संकलनका सम्भावित क्षेत्रहरूमा पहिचान गरी तीनवटै रोयल्टी सम्बन्धी संस्थाहरूको संयुक्त रोयल्टी मापदण्ड तयार गर्न गठित कार्यदलको कार्य र श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयबाट जारी भएका निर्देशनहरू र रोयल्टीलाई कानूनी रूपमा बाध्यकारी बनाउन भएका छलफल र दृष्टिबिहिन, दृष्टिक्षमता न्यून भएका र छापा सामाग्री पढ्न नसक्नेका लागि प्रतिलिपि अधिकारमा बिषेश व्यबस्था गर्न अन्तराष्ट्रिय सन्धि माराकेश ट्रिट्रि २०१३ को नेपाल पक्ष राष्ट्र बन्ने सम्बन्धमा श्री मन्त्रिपरिषद्बाट स्वीकृत भई श्री व्यबस्थापिका संसदमा प्रस्ताब पेश भएको छ । आगामी दिनहरूमा स्रष्टा सर्जक/कलाकारहरू एवं प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकार धनीहरूलाई मनासिव माफिकको रोयल्टी उपलब्ध गराउन सकिने आशाको किरण देखा परेको छ ।

प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकारका क्षेत्रमा आर्थिक वर्षभरी भएगरेका कार्यहरूको टिपोट गरी यस विषयका विज्ञ, सरोकारवालाहरू एवं आम जनसमुदायमा जानकारी दिन यस बुलेटिन तयार गरिएको छ । बुलेटिन तयारीका क्रममा खटिने यस कार्यालयका सहकर्मीलगायत सामग्री दिई सहयोग गर्नु हुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु । यसमा भएका कमी कमजोरी एवं केही छुटेका विषय औल्याई दिनु भएमा आगामी प्रकाशनमा सुधार गरिने छ । प्रतिलिपि अधिकार र सम्बन्धित अधिकार सम्बन्धमा आम सरोकारवालाहरूको ध्यान आकर्षण गर्न यस प्रकाशन सफल हुने विश्वास दिएको छु ।

Nepal Copyright Registrar's Office
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ्ग : सगुन प्रिन्टिङ्ग प्रेस, टेकु ।